सिद्ध कुमाख गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

बैठक संख्याः २०८२/८३-४

आज मिति २०८२/०६/२३ गते बिहीबारको दिन बिहान ८ वजे सिद्ध कुमाख गाउँ कार्यपालिकाको बैठक सिद्ध कुमाख गाउँपालिकाको अध्यक्ष श्री भरत गिरी ज्यूको अध्यक्षतामा सिद्ध कुमाख गाउँपालिकाको बैठकहलमा देहायको सदस्यहरुको उपस्थितिमा वसी देहाय बमोजिमको प्रस्ताव उपर छलफल गरी विभिन्न निर्णयहरु गरियो ।

**उपस्थितिः**

| सि.न. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री भरत गिरी | अध्यक्ष | |
| २ | श्री राम बहादुर वस्नेत | उपाध्यक्ष | |
| ३ | श्री दिपेन्द्र कंडेल | प्रमुख प्रशासकीय अधिकृत | |
| ४ | श्री रमेश चलाउने | वडाध्यक्ष, १ नं वडा | |
| ५ | श्री मेक बहादुर बुढाथोकी | वडाध्यक्ष, २ नं वडा | |
| ६ | श्री जिवराज बोहरा | वडाध्यक्ष, ३ नं वडा | |
| ७ | श्री खर्कविर रोका | वडाध्यक्ष, ४ नं वडा | |
| ८ | श्री चुडामणी रेउले | वडाध्यक्ष, ५ नं वडा | |
| ९ | श्री बुदी कुवर | कार्यपालिका सदस्य | |
| १० | श्री आशा परियार | कार्यपालिका सदस्य | |
| ११ | श्री करुणा राना बस्नेत | कार्यपालिका सदस्य | |
| १२ | श्री मनि सार्की | कार्यपालिका सदस्य | |
| १३ | श्री केशर परियार | कार्यपालिका सदस्य | |
| १४ | श्री भिम बहादुर विक | कार्यपालिका सदस्य | |

**अन्य उपस्थितिः**

१. श्री प्रतिभा वली खड्का — बरिष्ठ शिक्षा अधिकृत
२. श्री भिमलाल भण्डारी — सुचना प्रविधि अधिकृत सातौं तह
३. श्री कमल चन्द — बरिष्ठ प्रशासन सहायक

Scanned with CamScanner

सिद्ध कुमाख गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

ढोरचौर, सल्यान
कर्णाली प्रदेश, नेपाल

पत्र संख्याः २०८२/८३
च न.

मिति २०८२/०६/२३ गते बस्ने कार्यपालिकाको बैठकमा अध्यक्ष द्वारा प्रस्तवित एजेण्डा :

१. अघिल्लो बैठकको समिक्षा सम्वन्धमा ।
२. भु-उपयोग वर्गिकरण विवरण राजपत्रमा प्रकाशन गर्ने सम्वन्धमा ।
३. वडाकप तथा अध्यक्ष कप संचालन तथा व्यवस्थापन सम्वन्धमा ।
४. उपभोक्ता समिति गठन तथा योजना संचालन सम्वन्धमा ।
५. विविध सम्वन्धमा ।

प्रमाणित भयो।

Scanned with CamScanner
Scanned with CamScanner

प्रस्ताव नं १: अघिल्लो कार्यपालिका वैठकको समिक्षा सम्वन्धमा ।

**निर्णय नं १:**

यस अघि मिति २०८२/०५/३० गते वसेको गाउँ कार्यपालिकाको पहिलो वैठकका पारित निर्णयहरु कार्यान्वयन भए/नभएको भन्ने सम्वन्धमा व्यापक छलफल गरि समिक्षा गरियो।

प्रस्ताव नं २: भु-उपयोग वर्गिकरण विवरण राजपत्रमा प्रकाशन गर्ने सम्वन्धमा ।

**निर्णय नं २:**

भुमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयको च न ४४२ मिति २०८१/१२/११ गतेको परिपत्र अनुसार भूउपयोग (दोस्रो संशोधन) नियमावली, २०८१ को नियम ५ को उपनियम (७) वमोजिम भूउपयोग क्षेत्र वर्गिकरण नभएका स्थानीय तहहरुले कृपियोग्य जग्गाको संरक्षण गर्न मिति २०८२ साल असार मसान्तसम्म चारकिल्ला खुलाइ कृषि क्षेत्र तोक्नुपर्ने एवं नियम १२ को उपनियम (४ख) वमोजिम मिति २०८२ साल असार मसान्तसम्म वर्गिकरण भएको क्षेत्रको भूउपयोग क्षेत्र नक्सा तथा विवरण अद्यावधिक गरि सक्नु पर्ने सन्दर्भमा यस सिद्ध कुमाख गाउँपालिकाको भु-उपयोग क्षेत्र वर्गिकरण योजना परामर्शदाता मार्फत तयार भइ सकेकोले स्विकृत गरि स्थानीय राजपत्रमा प्रकाशित गर्ने निर्णय गरियो ।

प्रस्ताव नं ३: वडाकप तथा अध्यक्ष कप संचालन तथा व्यवस्थापन सम्वन्धमा ।

**निर्णय नं ३:**

सिद्ध कुमाख गाउँपालिकाको वडाकप तथा अध्यक्ष कप संचालन गर्नको लागि देहायवमोजिमको व्यवस्था गर्ने निर्णय गरियो ।

१. वडाकप र अध्यक्ष कपमा महिला र पुरुष तर्फको भलिवल प्रतियोगिता संचालन गर्ने ।
२. तिहार अगावै वडाकप संचालन गरी सम्पन्न गर्ने ।
३. वडाकपमा विजेताहरुको लागि नगद पुरस्कार क्रमश प्रथमलाई रु १५०००/-, द्धितियलाई रु १२०००/- र तृतीयलाई रु ९०००/- व्यवस्था गर्ने ।
४. रेफ्रिहरुको दैनिक पारिश्रमिक कर सहित मूख्य रेफ्रिको लागि रु ३०००/- र सहायक रेफ्रिको लागि रु २५००/- व्यवस्था गर्ने ।
५. तिहार लगत्तै कार्तिक ९ गतेदेखि ११ गतेसम्म सिद्ध कुमाख-२ श्री देउराली माविको प्राङ्गणमा संचालन गर्ने ।
६. अध्यक्षकपमा विजेताहरुको लागि नगद पुरस्कार क्रमश प्रथमलाई रु ५०२११/-, द्धितियलाई रु ४०२११/- र तृतीयलाई रु ३०२११/- व्यवस्था गर्ने ।

प्रस्ताव नं ४: उपभोक्ता समिति गठन तथा योजना संचालन सम्वन्धमा ।

**निर्णय नं ४:**

चालु आर्थिक वर्ष २०८२/८३ मा योजना संचालन तथा विकास निर्माणका कामलाई प्रभावकारी बनाइ समयमा नै सम्पन्न गर्न सवै वडा तथा शाखाहरलाई आ आफ्नो जिम्मेवारी अनुसार क्रियाशिल गराउने र उपभोक्ता समितिवाट कार्यान्वयन हुने योजनाहरु संचालन हुने योजनाहरुको समिति गठन मिति २०८२ मंसिर १५ गतेसम्म सम्पन्न गर्ने गरि काम गर्ने निर्णय गरियो ।

Scanned with CamScanner